निर्णयः-

१ यस जिल्लामा सरुवा भई आउनु भएका तपसिल बमोजिमका कर्मचारीहरुलाई स्वागत गर्नेः-

क सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल- जिल्ला प्रशासन कार्यालय

ख कार्यालय प्रमुख श्री लालबहादुर भण्डारी - राष्ट्रिय प्राणी उद्यान

ग कार्यालय प्रमुख श्री टीकाराम शर्मा - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

घ कार्यालय प्रमुख श्री शशीशंकर महर्जन - यातायात कार्यालय, जगाती

ङ महानगरीय प्रहरी परिसर भक्तपुरबाट राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जमा सरुवा हुनु भएका प्रहरी उपरीक्षक श्री सविन प्रधानज्यूलाई यस जिल्लामा पु-याउनु भएको सेवाको उच्च मूल्यांकन गर्दै सरुवा भै जाने कार्यालयमा सफलताको शुभकामना व्यक्त गर्ने ।

३ सम्पूर्ण सरकारी कार्यालयहरुले कोष तथा लेखा नियन्त्रण कार्यालय भक्तपुरले तोकेको समयमामात्र खर्च निकासाको लागि उक्त कार्यालयमा लेखी पठाउने ।

४ सम्पूर्ण कार्यालयहरुले समयमै लेखापरीक्षण गराउने ।

५ गृह मन्त्रालयको च.नं. ४३५६ मिति २०७७/०३/०५ को पत्रसाथ प्राप्त "बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७ (नेपाल सरकार मन्त्रीस्तर) मिति २०७७/०३/०२) को पालना गर्दै सेवा प्रवाह गर्ने ।

६ कोरोना नियन्त्रणमा सहयोग पुग्ने र कार्यालयमा भिड कम गर्न सकभर मिल्ने र प्राविधिक साधनको सुविधा र पहुँचको आधारमा मिल्नेसम्म Online प्रणालीद्वारा सेवा प्रवाहको व्यवस्था गर्ने ।

७ मनसुनको शुरुवातसँगै प्राकृतिक तथा मानवीय विपद्लाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनिकरणका लागि सम्पूर्ण सरोकारवाला निकायहरुबीच समन्वय गर्ने ।

८ कोरोना संक्रमणविरुद्ध सम्पूर्ण कार्यालयहरुले यथाशक्य सहयोग गर्ने र सचेत रहने ।

९ कोरोना संक्रमणविरुद्ध सम्पूर्ण कार्यालयहरुले यथासक्य सहयोग गर्ने र सचेत रहने ।